# आर्थिक ऐन २०७६

गाउँ सभाबाट स्वीकृत मिति :- २०७६।०३।३१

## बकैया गाउँपालिका,
## जिल्ला मकवानपुर
## ३ नं.प्रदेश, नेपाल

# बकैया गाउँपालिकाको आर्थिक ऐन २०७६

बकैया गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

प्रस्तावना: बकैया गाउँपालिकाको आर्थिक वर्ष २०७६/०७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर,, दस्तुर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम बकैया गाउँपालिकाको पाँचौ गाउँ सभाले यो ऐन बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यस ऐनको नाम "बकैया गाउँपालिकाको आर्थिक ऐन, २०७६" रहेको छ।

(२) यो ऐन २०७६ साल श्रावण १ गतेदेखि बकैया गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. सम्पति कर: बकैया गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम सम्पत्ति कर लगाइने र असूल उपर गरिनेछ ।

३. भूमि कर (मालपोत) : बकैया गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. घर जग्गा वहाल कर: बकैया गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. व्यवसाय कर: बकैया गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. जडिबुटी, कवाडी र जीवजन्तु कर: बकैया गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक उपयोग गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. विज्ञापन कर: बकैया गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा प्रदेश आर्थिक ऐनमा व्यवस्था भए बमोजिम अनुसूचि (६) मा उल्लेखित दरमा विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।संकलित करको चालिस प्रतिशत रकम प्रदेश सन्चित कोषमा दाखिला गरिनेछ ।

८. मनोरन्जन कर: बकैया गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा प्रदेश आर्थिक ऐनमा व्यवस्था भए बमोजिम मनोरन्जन कर लगाइने र असुल उपर गरिनेछ। संकलित करको चालिस प्रतिशत रकम प्रदेश सन्चित कोषमा दाखिला गरिनेछ ।

९. बहाल बिटौरी शुल्क: बकैया गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (७) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१०. पार्किङ शुल्क: बकैया गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत गाउँ कार्यपालिकाले तोके बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

११. ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टिङ्ग शुल्कः बकैया गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टिङ्ग सेवा वा व्यवसाय संचालन गरे वापत गाउँ कार्यपालिकाले तोके बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. सेवा शुल्क, दस्तुरः बकैया गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि (८) मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ । अनुसूचीमा नतोकेका अन्य सेवा शुल्क तथा दस्तुरहरु कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

१३. पर्यटन शुल्कः बकैया गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट गाउँ कार्यपालिकाले तोके बमोजिमको दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ । तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१४. प्राकृतिक स्रोत करः बकैया गाउँपालिका क्षेत्रभित्र उत्पादन र संकलन हुने ढुंगा गिट्टी स्लेट बालुवा चुनढुँगा खरीढुंगा अभ्रख र दहत्तर बहत्तरमा प्रदेश आर्थिक ऐनमा व्यवस्था भए बमोजिम प्राकृतिक स्रोत (दहत्तर बहत्तर) कर लगाइने र असुल उपर गरिनेछ। संकलित करको प्रदेशले तोके बमोजिमको रकम प्रदेश सन्चित कोषमा दाखिला गरिनेछ ।

१५. कर छुटः यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि बकैया गाउँपालिकाले तोके अनुसार हुनेछ ।

दामोदर खनाल
अध्यक्ष

अनुसुची-१

(दफा २ संग सम्बन्धीत)

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने सम्पति करको दररेट

| करयोग्य सम्पत्तिको मूल्य | बार्षिक दर (कोष्ठमा उदाहरण) |
|---|---|
| पाँच लाख रुपैयाँसम्मको मूल्यांकनमा | एक मुष्ठ रु १०० (एक सय) |
| पचास लाख रुपैयाँसम्म | प्रति लाख १० (रु दश) |
| एकाउन्न लाख देखि एक करोड रुपैयाँसम्म | प्रति लाख २० (रु विस) |
| एक करोड एक लाख देखि दुई करोड रुपैयाँसम्म | प्रति लाख २५ (रु पच्चिस) |
| दुई करोड एक लाख रुपैयाँदेखि तिन करोड रुपैयाँसम्म | प्रति लाख ३० (रु तिस) |
| तिन करोड एक लाख रुपैयाँदेखि पाँच करोड रुपैयाँसम्म | प्रति लाख ४५ (रु पैंतालिस) |
| पाँच करोड भन्दा माथि | प्रति लाख ५० (रु पचास) |

नोट : मुल्यांकन रकमलाई रु लाखमा मा परिणत गरी करको दर निर्धारण हुनेछ ।

अनुसुची -२

(दफा ३ संग सम्बन्धीत)

मालपोत दर

| नापीका बखत साविक गा.वि.स. | इकाई | अब्बल | दोयम | सिम | चाहार |
|---|---|---|---|---|---|
| हटिया, फापरवारी, शिखरपुर, मन्थली, ठिगन | प्रति रोपनी | ४५ | ३० | २२ | १५ |
| | प्रति कठ्ठा | ३० | २० | १५ | १० |

द्रष्टव्य

(१) मालपोत वा भूमिकरको कूल रकम वार्षिक पाँच रुपैयाँ भन्दा कम हुने भएमा न्यूनतम वार्षिक मालपोत वा भूमिकर पाँच रुपैयाँ कायम गरिनेछ ।

(२) भूमिकर लगाइने जग्गामा मालपोत लगाइने छैन ।

(३) विलम्व शुल्क प्रतिशत निम्न शुत्र अनुसार निकालिनेछ। विलम्व शुल्क प्रतिशत (विलम्व वर्ष×५)+ ५

(४) प्रत्येक वर्ष असार १५ गते सम्म मालपोत वुझाई सक्नुपर्नेछ । असार १६ गते देखी मसान्त सम्म ५ प्रतिशत विलम्व शुल्क लिई सोही महिनाको मसान्तसम्म मालपोत लिइनेछ ।

दामोदर खनाल
अध्यक्ष

अनुसुची -३

(दफा ४ संग सम्बन्धीत)

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने घर बहाल करको दररेट

| विवरण | करको दर |
|---|---|
| १. आफ्नो क्षेत्रभित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, शेड छप्पर, कारखाना जग्गा, वा पोखरी पुरै वा आंशिक रुपमा बहालमा दिएकोमा सम्बन्धीत धनीबाट बहाल रकमको दश प्रतिशत | बहाल रकमको १०% |

अनुसुची-४

(दफा ५ संग सम्बन्धीत)

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने व्यवसाय करको दररेट

| सि नं | विवरण | | दर |
|---|---|---|---|
| १ | मदिरा पसल | थोक | ६००० |
| | | खुद्रा | ४००० |
| २ | चुरोट बिडी सुर्ती जन्य | थोक | ६००० |
| | | खुद्रा | ४००० |
| ३ | हल्का पेय पदार्थ | थोक | ६०० |
| | | खुद्रा | ४०० |
| ४ | सुनचाँदी पसल | थोक | ६००० |
| | | खुद्रा पसल र मर्मत | ४००० |
| ५ | औषधी पसल तथा क्लिनिक | डाक्टर भएको र थोक | १८०० |
| | | खुद्रा र डाक्टर नभएको | १२०० |
| ६ | माछा मासु बिक्री पसल | | ४०० |
| ७ | आयुर्वेदिक औषधी पसल | | १२०० |
| ८ | एग्रोभेट पसल | थोक | १८०० |
| | | खुद्रा | १२०० |
| ९ | स्टेशनरी तथा पुस्तक पसल | थोक | ३००० |
| | | खुद्रा | २००० |
| १० | छपाइ तथा प्रकाशन | अफसेट प्रेस | ४२०० |
| | | साधारण प्रेस | २८०० |
| ११ | कस्मेटिक पसल | | ६०० |
| १२ | मोटर पार्ट्स | थोक | १८०० |
| | | खुद्रा | १२०० |

| | | | |
|---|---|---|---|
| १३ | प्लाइ तथा ग्लास | थोक | ६०० |
| | | खुद्रा | ४०० |
| १४ | कपडा/फेन्सी/जुत्ताचप्पल/ब्याग पसल | थोक | ६०० |
| | | खुद्रा | ४०० |
| १५ | धागो टाक पसल | थोक | ६०० |
| | | खुद्रा | ४०० |
| १६ | इलेक्ट्रोनिक पसल (मोबाइल, घडी, क्याल्कुलेटर अडियो, भिडियो, आदि) | थोक | ३००० |
| | | खुद्रा | २००० |
| १७ | हार्डवेयर/ मेसिनरी/स्यानिटरी/मार्बल पसल | थोक | ३००० |
| | | खुद्रा | २००० |
| १८ | पेट्रोलियम पदार्थ | पेट्रोल पम्प | ३००० |
| | | पेट्रोल बिक्री केन्द्र | २००० |
| | | ग्यास सिलिन्डर सब डिलर | २००० |
| १९ | स्टिल आलमुनियम पसल | थोक | १२०० |
| | | खुद्रा | ८०० |
| २० | फर्निचर | थोक | १२०० |
| | | खुद्रा | ८०० |
| २१ | ढुङ्गा तथा गिट्टी बालुवा बिक्री वितरण गर्ने | | २००० |
| २२ | कपडा सिलाइ कटाइ | ठुलो | ९०० |
| | | सानो | ६०० |
| २३ | स्नुकर | | १२०० |
| २४ | पुल हाउस | | १२०० |
| २५ | पशु आहार बिक्री केन्द्र | | १२०० |
| २६ | किराना पसल | थोक | ६०० |
| | | खुद्रा | ४०० |
| २७ | फलफूल/तरकारी पसल | थोक | ६०० |
| | | खुद्रा | ४०० |
| २८ | उपहार/ गिफ्ट/ खेलौना पसल | थोक | ३०० |
| | | खुद्रा | २०० |
| २९ | भाँडा पसल (स्टील, प्लास्टिक,आल्मुनियम सबैथरी) | थोक | ६०० |
| | | खुद्रा | ४०० |
| ३० | माटाको भाँडा पसल | थोक, खुद्रा | ४०० |
| ३१ | विशेषज्ञ परामर्श तथा अन्य | चिकित्सक | १२०० |

| | | | |
|---|---|---|---|
| | व्यावसायी सेवा | कन्सल्टेन्ट सेवा(इन्जिनियरिङ्ग) | १२०० |
| | | कानुन व्यावसायी ल फर्म | १२०० |
| | | लेखापरीक्षण व्यावसायी | १२०० |
| | | दन्तचिकित्सक | १२०० |
| | | अनुसन्धानकर्ता परामर्शदाता | १२०० |
| | | पशु चिकित्सक डाक्टर | १२०० |
| | | रोजगार सेवा | १२०० |
| ३२ | ढुवानी तथा ट्रान्सपोर्ट | | १२०० |
| ३३ | पेन्टर/ साइनबोर्ड लेख्ने | | ८०० |
| ३४ | निर्माण व्यवसायी | | ४००० |
| ३५ | ट्राभल एजेन्सी | | २०००० |
| ३६ | ग्रील उद्योग | | १८०० |
| ३७ | घरेलु कुटिर उद्योग(अगरबत्ती, मैनबत्ती,टीकी, अचार तथा अन्य कुटिर) | | ४०० |
| ३८ | कपडा तथा गार्मेन्ट उद्योग | | १८०० |
| ३९ | सिरक डसना उद्योग पसल | | १२०० |
| ४० | कुटानी पिसानी र मसला मिल | | १२०० |
| ४१ | उपभोग्य वस्तु उत्पादन उद्योग | कुकिज नुडल्स | ४०० |
| | | दालमोट पाउरोटी चाउमीन | ४०० |
| | | पापड चिप्स फिगर | ४०० |
| ४२ | वनजन्य उद्योग | काठ बिक्री डिपो | ६००० |
| ४३ | कन्क्रीट/इटा भट्टा उद्योग | | ४००० |
| ४४ | होटल लज रेष्टुरेन्ट | होटल र लज | १२०० |
| | | भोजनालय | १२०० |
| | | मिठाई पसल | १२०० |
| | | पार्टी प्यालेस | १८०० |
| | | रेष्टुरेन्ट-बार | १८०० |
| | | चिया र खाजा पसल | १२०० |
| ४५ | सञ्चार | एफ.एम. प्रसारण | ६०० |
| | | केवुल च्यानल प्रसारण | ८००० |
| | | पत्रपत्रिका प्रकाशन सेवा | १२०० |
| | | फोटोकपी, पी.सि.ओ साइबर तथा क्याफे | ६०० |
| | | कुरियर सेवा | ६०० |
| | | कलर ल्याब/ फोटोस्टुडियो | ९०० |

| | | | |
|---|---|---|---|
| ४६ | वित्तीय | वाणिज्य बैंक प्रति शाखा/केन्द्रिय कार्यालय | ६००० |
| | | विकास बैंक प्रति शाखा/ केन्द्रिय कार्यालय | ६००० |
| | | फाइनान्स कम्पनी शाखा/ केन्द्रिय ४७कार्यालय | ५००० |
| | | सहकारी बैंक | १२०० |
| | | मनी ट्रान्सफर | ३००० |
| | | विमा कम्पनी | १२०० |
| | | लघु वित्त | ५००० |
| ४७ | स्वास्थ्य सेवा व्यवसाय | निजी अस्पताल तथा नर्सिङ्ग होम | २८०० |
| | | क्लिनिक तथा ल्याब | १२०० |
| | | चस्मा पसल | १२०० |
| ४८ | शिक्षा सेवा निजी | क्याम्पस | ६०० |
| | | मावि/ उच्चमावि | ६०० |
| | | आधारभूत | ४०० |
| | | प्राथमिक | ४०० |
| | | छात्रावास | १२०० |
| | | मन्टेश्वरी | ४०० |
| | | पूर्व प्राथमिक | ४०० |
| | | ट्युशन सेन्टर | १२०० |
| | | कम्प्युटर / नृत्यकला सिकाइ केन्द्र | १२०० |
| | | तालीम तथा अनुसन्धान केन्द्र | १२०० |
| ४९ | मर्मत सम्भार | टायर-ट्युव मर्मत, रिसोलिङ्ग,हावा भर्ने | १२०० |
| | | इन्जिन मर्मत | १२०० |
| | | डेन्टिङ्ग पेन्टिङ्ग | १२०० |
| | | टि.भी, फ्रिज, मोटर, पङ्खा, रेडियो, घडी जेनेरेटर, कम्प्युटर, मोबाइल (इलेक्ट्रोनिक) | १२०० |
| | | मोटरसाइकल मर्मत | १२०० |
| | | बस,ट्याक्सी लगायतका सवारी साधन मर्मत | १२०० |
| | | अन्य विविध मर्मत | १२०० |
| ५० | ड्राइ क्लिनिक, व्युटी पार्लर तथा सैलुन | | ६०० |

| | | | |
|---|---|---|---|
| ५१ | फूल विरुवा पसल | | ४०० |
| ५२ | गैर सरकारी संस्थाहरु | राष्ट्रिय | २८०० |
| | | अन्तराष्ट्रिय | ४२०० |
| ५३ | यस वर्गीकरणमा नपरेका व्यवसायको हकमा | | १२०० |

## अनुसुची -५
(दफा ६ संग सम्बन्धीत)

<u>गाउँपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादन भई निकासी हुने देहायका मालवस्तुमा देहायको जडीबुटी, कवाडी करको दर</u>

गाउंपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादन भई निकासि हुने उन, खोटो, जडिबुटी, वनकस, कवाडी माल, जीवित जन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिंङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरे वापत देहाय बमोजिमको जडिबुटी कवाडी र जीवजन्तु कर लाग्नेछ ।

क) कागतजन्य सामग्रीको प्रति किलोग्राम रु पचास पैसा

ख) फलामजन्य सामानका लागि प्रति किलोग्राम रु एक

ग) स्टिलजन्य सामानका लागि प्रति किलोग्राम रु एक

घ) अन्यको हकमा प्रति किलोग्राम रु एक

## अनुसुची -६
(दफा - ७ संग सम्बन्धीत)

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने विज्ञापन करको दररेट

| सि.नं. | नाम | ईकाई | दर (रु) |
|---|---|---|---|
| १ | व्यावसायिक प्रयोजनका लागि राखिएको होडिङ्ग बोर्ड (वार्षिक) | प्रति वर्ग फुट | १० |

## अनुसुची -७
(दफा-९ संग सम्बन्धीत)

<u>गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने पाउने बहाल विटौरी शुल्कको दररेट</u>

| सि.नं. | विवरण | करको दर रु. |
|---|---|---|
| १ | टहरा भीत्र रहेको पसलमा प्रति पसल हाट (हात्तिसुडे र जुरेली हाटबजार स्थलमा) | ६० |
| २ | टहरा वाहिर रहेको पसलमा प्रति पसल हाट (हात्तिसुडे र जुरेली हाटबजार स्थलमा) | ३० |
| ३ | पक्की भवनमा भीत्र रहेको पसलमा प्रति पसल हाट (जुरेली हाटवजार स्थलमा) | १२० |
| ४ | पक्की भवनमा भीत्र रहेको सटर भाडा प्रति सटर (जुरेली हाटबजार स्थलमा) | २००० देखी ३५०० |

नोट: स्थानीय स्तरमा आफ्नै उत्पादनबाट विक्री गर्न ल्याइएका हरिया सागपात तथा ताजा तरकारी बिक्री शुल्क लिइने छैन।

## अनुसुची -८

(दफा १२ संग सम्बन्धीत)

क) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने सेवा शुल्कको दररेट

| क्र.सं. | विवरण | करको दर |
|---|---|---|
| १ | कसैको रकम कलम उठाई दिए वापत उठेको रकमको | १% |
| २ | फिल्ड सेवा शुल्क (जग्गा रेखाङ्कन, बन पैदावर विक्री, जस्ता कार्यमा) (यसवाट प्राप्त रकमबाट रु २५० फिल्डमा जाने प्रतिनिधीलाई पारवाहन खर्च दिइनेछ) | ५०० |

ख) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र लगाउने दस्तुरको दर

१. व्यक्तिगत घटना दर्ता शुल्क तथा जरीवाना

| क्र.सं. | विवरण | दर रु. मा |
|---|---|---|
| १ | घटना घटेको ३५ दिनसम्म दर्ता गरेमा | नि:शुल्क |
| २ | त्यसपछी घटना घटेको ७० दिनसम्म दर्ता गरेमा (शुल्क) | १० |
| ३ | घटना घटेको ७१ दिन देखी माथी जतीसुकै समयमा दर्ता गरेमा (जरीवाना) | ५० |

२. सिफारिस दस्तुर

| क्र.सं. | विवरण | दर रु. मा |
|---|---|---|
| १ | नाता प्रमाणीत दस्तुर (नेपाली) | १०० |
| २ | नाता प्रमाणीत दस्तुर (अंग्रेजी) | ५०० |
| ३ | जन्म मिति प्रमाणीत | १०० |
| ४ | विवाह वा अविवाहित प्रमाणीत | १०० |
| ५ | अंग्रेजी माध्यममा सिफारिस वा प्रमाणीत | ५०० |
| ६ | घर पाताल प्रमाणीत (प्राकृतिक प्रकोप भएमा सर्जिमिनको आधारमा छुट दिन सकिने) | ५०० |
| ७ | अपांग सिफारिस नलाग्ने | ० |
| ८ | अविवाहित प्रमाणीत | १०० |
| ९ | नावालक सम्बन्धी सिफारिस | १०० |
| १० | जन्म मिति संशोधन सिफारिस | १०० |
| ११ | जिवितको नाता प्रमाणीत | १०० |
| १२ | हकवाला वा हकदार प्रमाणित | ५०० |
| १३ | संरक्षक प्रमाणीत गर्ने (संस्थागत) | १०० |
| १४ | संरक्षक प्रमाणीत गर्ने (व्यक्तिगत) नलाग्ने | ० |
| १५ | कागज/मञ्जुरीनामा प्रमाणीत | २०० |
| १६ | अचल सम्पत्ती मुल्याङ्कन र आयश्रोत प्रमाणीत वापत प्रति हजार मुल्याङ्कन अंकको | १ |
| १७ | जग्गा मुल्यांकन सिफारिस/प्रमाणीत (विद्यार्थी प्रयोजनका लागी ) एकमुष्ट | १००० |
| १८ | आर्थिक अवस्था बलियो वा सम्पन्नता प्रमाणीत | १००० |
| १९ | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणीत | ५०० |
| | | १०० |

| क.सं. | विवरण | दर रु. मा |
|---|---|---|
| २१ | नागरिकताको प्रतिलिपि सिफारीस | १०० |
| २२ | बहाल कर लेखाजोखाको सिफारिस | २०० |
| २३ | मोही लगत कट्टाको सिफारिस | १००० |
| २४ | घर जग्गाको लेखाजोखा सिफारिस | २०० |
| २५ | व्यापार व्यवसाय बन्द भएको, सञ्चालन नभएको वा व्यापार व्यवसाय हुँदै नभएको सिफारिस | २०० |
| २६ | व्यवसाय दर्ता सर्जमिन सिफारिस | ५०० |
| २७ | मिलापत्रको कागज गराउने निवेदन दर्ता गर्ने र सिफारिस | ५०० |
| २८ | निःशुल्क वा स-शुल्क स्वास्थ्य उपचार सिफारिस | २० |
| २९ | पुर्जामा घर कायम सिफारिस | ५०० |
| ३० | फरक, फरक नाम, थर, जन्म मिति तथा प्रमाणीत दुवै नाम गरेको व्यक्ति एकै हो भन्ने सिफारिस | १०० |
| ३१ | नाम थर वा जन्म मिति संशोधन सिफारिस | १०० |
| ३२ | जग्गा धनी पुर्जा हराएको सिफारिस | २०० |
| ३३ | कित्ताकाट सिफारिस (प्रति कट्टा/रोपनी) | ५० |
| ३४ | घर जग्गा नामसारी सिफारिस | ५०० |
| ३५ | जग्गा दर्ता नामसारी सिफारिस (प्रति कट्टा/रोपनी) | १०० |
| ३६ | जग्गा दर्ता सिफारिस (प्रति कट्टा/रोपनी) | १०० |
| ३७ | जग्गाको हक सम्बन्धमा सिफारिस | ५०० |
| ३८ | मृतकसँगको नाता प्रमाणीत तथा सर्जमिन सिफारिस | ५०० |
| ३९ | उद्योग ठाउँसारी सिफारिस | ५०० |
| ४० | जिवित रहेको सिफारिस | ५०० |
| ४१ | विद्यालय ठाउँसारी गर्न सिफारिस (निजि) | १००० |
| ४२ | पालन पोषणको लागि सिफारिस | १०० |
| ४३ | वैवाहिक तथा अन्य अंगिकृत नागरिकता सिफारिस | १००० |
| ४४ | विद्युत जडान सिफारिस कच्ची घर | १०० |
| ४५ | धारा तथा विद्युत जडान सिफारिस (नक्सा पास भएको पक्की घर) | २०० |
| ४६ | धारा तथा विद्युत जडान सिफारिस (नक्सा पास नभएको पक्की घर) | ३०० |
| ४७ | कोठा खोल्न रोहवरमा बस्ने | ५०० |
| ४८ | स्थायी बसोबास सिफारिस | १०० |
| ४९ | सरकारको नाममा बाटो कायम सिफारिस | १०० |
| ५० | संस्था दर्ता सिफारिस (नाफामूखी) नविकरण | ५०० |
| ५१ | संस्था दर्ता सिफारिस (गैह्र नाफामुखी) एक पटक, नविकरण प्रति पटक | २०० |
| ५२ | घर बाटो प्रमाणीत ( प्रति कट्टा/रोपनी) | ५० |
| | ... सिफारिस | ५० |

| क.सं. | विवरण | दर रु. मा |
|---|---|---|
| ५४ | अस्थाई बसोबास सिफारिस (स्वदेशी) | ५०० |
| ५५ | अस्थाई बसोबास सिफारिस (विदेशी) | १००० |
| ५६ | अदालत शुल्क मिनाहा सिफारिस | २५ |
| ५७ | आन्तरीक बसाईं सराईं सिफारिस | १०० |
| ५८ | अन्य प्रमाणीत | १०० |
| ५९ | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउनुपर्ने र रोहबरमा बस्नुपर्ने पत्र तथा काम | १०० |
| ६० | अन्य कार्यालयको माग अनुसार विवरण खुलाई पठाउन पर्ने नलाग्ने | ० |
| ६१ | माथी उल्लेखित विषय बाहेकका सिफारिस | १०० |
| ६२ | जग्गा रेखांकन/सम्वन्धी रोहबरमा वस्ने | ५०० |
| ६३ | व्यवसाय दर्ता प्रमाणपत्र दस्तुर (प्रमाणपत्रको प्रतिलिपी समेत) | २०० |
| ६४ | पानी घट्ट दर्ता दस्तुर | १०० |
| ६५ | पानी घट्ट नवीकरण दस्तुर (प्रति महिना) | २५ |
| ६६ | पुर्व प्राथमिक विद्यालय खोल्ने सिफारिस/अनुमति (निजी) | ५००० |
| ६७ | मिलापत्र दस्तुर | ५०० |
| ६८ | निजी विद्यालय, माध्यामिक तह (९ देखि १२ कक्षा) सम्म) दर्ता तथा नविकरण शुल्क | १०००० |
| ६९ | निजी कलेज, क्याम्पसहरु दर्ता तथा नविकरण शुल्क रु. | २०००० |
| ७० | निजि विद्यालय, विद्यालय तह (१ देखी ८ कक्षा) सम्म दर्ता रु. | ७००० |
| ७१ | विद्यालय कक्षा वृद्धि सिफारिस (निजि) | ५००० |
| ७२ | विपन्न विद्यार्थी छात्रवृत्ति सिफारिस (नलाग्ने) | ० |
| ७३ | विशेष तयारी कक्षाहरु (निश्चित समयका लागी ) संचालन गर्ने संस्थाहरुको दर्ता रु. | २५०० |
| ७४ | **NGO/INGO** को हकमा दर्ता रु. | २००० |
| ७५ | उद्योग व्यवसाय दर्ता, आयमुलक तथा अन्य व्यवससाय दर्ता सिफारीस | २०० |
| ७६ | चौपाया सम्बन्धी सिफारिस (प्रति चौपाय) | ५० |
| ७७ | चार किल्ला (चौहद्दी) प्रमाणीत ( प्रति कठ्ठा/रोपनी) | ५० |
| ७८ | तालिम तथा अनुसन्धान केन्द्र, टाइपिङ, कम्प्युटर, भाषा, प्रशिक्षण लगायत यस्तै प्रकृतिका संस्थाहरु दर्ता रु. | २००० |
| ७९ | तालिम तथा अनुसन्धान केन्द्र, टाइपिङ, कम्प्युटर, भाषा, प्रशिक्षण लगायत यस्तै प्रकृतिका संस्थाहरु नविकरण रु. | ५०० |

द्रष्टव्य :अति विपन्न र असहाय, आर्थिक तथा अन्य सहायता, दैवीप्रकोप, अशक्त, असहाय र विकास निर्माणमा गरीने सिफारीसमा दस्तुर लिइने छैन ।